SY Panel Nepal Limited

Subidhanagar, KTM
01 4111704
synepal34@gmail.com

Regd : 292826/078/079
VAT No. 605930607
Ref No. 115 - 082/083

12th February 2026

To,

Nepal Stock Exchange

Singhdurbar, Kathmandu.

Subject: 2nd Quarter Result for FY 2082/083 as per Rule 26(1) of the Securities Registration and Issue Regulation, 2073

Dear Sir/Ma'am,

With regard to the subject matter, kindly find the second Quaterly Result (Profit & Loss Accounts and Balance Sheet) for the period of Kartik to Poush 2082 with Annexure 14 as per Rule 26(1) of Securities Registration and Issue Regulation, 2073 and bylaw 22(1) (b) of Securities Listing Bylaws, 2075 published in Naya Patrika daily on 12th of February, 2026 for your record and information.

Garg Shrestha

Company Secretary

CC

Securities Board of Nepal-Khumaltar,Lalitpur

Office of the Company Registar-Tripureshwor,Kathmandu

CDS and Clearing Limited- Putalisadak, Kathmandu

Prabhu Capital-Kamladi, Kathmandu.

Enclosed

Attachment of 2nd Quarter Report for FY 2082/083 published on 29th Magh 2082 in Naya Patrika Daily.

कडा प्रतिस्पर्धामा सर्लाहीका चारवटै निर्वाचन क्षेत्र

कांग्रेस, एमाले र नेकपा बिरासत फर्काउने प्रयासमा, दबाब बढाउँदै रास्वपा

सर्लाहीमा **श्रवण थापा**

२१ फागुनको निर्वाचन नजिकिँदै गर्दा सर्लाहीको चारवटै निर्वाचन क्षेत्रमा चुनावी सरगर्मी बढेको छ। यतिवेला जिल्लाका सबै क्षेत्रमा उम्मेदवार घरदैलोमा व्यस्त छन्। मतदातासँग भेटघाट गर्ने, समस्या सुन्ने, समाधानको प्रतिबद्धता व्यक्त गर्ने मात्र होइन, उम्मेदवारहरू नयाँ योजना र आश्वासन बाँड्दै मतदाताको मन जित्न घरदैलोमा दौडधुप गरिरहेका छन्। विपक्षी उम्मेदवारका समर्थन र विरोधमा नेता तथा कार्यकर्ता चोक-चौतारादेखि सामाजिक सञ्जालसम्ममा खरो उत्रिएका छन्।

चार निर्वाचन क्षेत्र कायम सर्लाहीमा १३२ जनाको उम्मेदवारी कायम रहेको मुख्य निर्वाचन अधिकृत पुष्पराज थपलियाले जानकारी दिए। जेन-जी आन्दोलनका कारण दुई वर्ष पहिल्यै हुन लागेको निर्वाचनमा नयाँ पुस्ता र नयाँ दलको चर्चा हुँदै गर्दा यहाँ भने पुरानैको वर्चस्व देखिएको छ। कांग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नै प्रतिस्पर्धामा देखिएका छन्। यी पाँच पार्टीले क्षेत्रदेखि वडासम्म निर्वाचन परिचालन कमिटी तयार गरेर प्रचारप्रचार तीव्र बनाएका छन्।

कांग्रेसले क्षेत्र नम्बर १ मा हरि लुंगेली, २ मा कौशलकिशोर राय, ३ मा पुण्यप्रसाद घिमिरे र ४ मा रामआश्रय साहलाई निर्वाचन परिचालन कमिटी संयोजक बनाएको छ। क्षेत्रीय सभापतिले पालिका कमिटी र पालिकाले वडा निर्वाचन परिचालन कमिटी गठन गरेर काम गरिरहेको कांग्रेस सर्लाहीका कार्यवाहक सभापति डा. सरोज कुमारले बताए।

एमालेले चारवटै क्षेत्रमा निर्वाचन परिचालन समिति संयोजक तोकेर चुनावी गतिविधि सुरु गरेको जिल्ला अध्यक्ष राजनारायण साहले बताए। सर्लाही १ मा गोविन्द महत, २ मा जयप्रकाश यादव, ३ मा विदुर प्याकुरेल र ४ मा शिवपूजन यादव निर्वाचन परिचालन कमिटीको संयोजक तोकिएका छन्।

नेपाली कम्युनिस्ट पार्टीले चारवटै क्षेत्रमा चुनाव प्रचारप्रसार अभियानलाई तीव्र जनाएको छ। निर्वाचन गतिविधिलाई प्रभावकारी बनाउन सबै निर्वाचन क्षेत्रमा संयोजक तोकेर जिम्मेवारी प्रदान गरिएको जिल्ला इन्चार्ज अच्युतम काफ्लेले बताए। उनका अनुसार १ नम्बर क्षेत्रमा उद्धव पाठक, २ मा अशोक यादव, ३ मा राजकुमार यादव र ४ मा राजनारायण यादव संयोजक तोकिएका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीले १ मा गोविन्द ढुंगेल, २ मा शम्भु पण्डित, ३ मा रत्नप्रसाद भट्टराई र ४ मा रामविश्वास महतोलाई क्षेत्रीय कमान्डर घोषणा गरेर निर्वाचन परिचालनको जिम्मेवारी सुम्पिएको जिल्ला सभापति सरोज बानियाँले बताए। सर्लाहीमा पुराना दल र उम्मेदवारको वर्चस्व देखिएको छ। मुख्य ठुला पार्टीबाट समेत पुरानै उम्मेदवारको उम्मेदवारी परेको छ। नयाँ दलमा समेत पुरानै अनुहार छन्। केही उम्मेदवारले क्षेत्र र केहीले पार्टी परिवर्तन गरेका छन्।



सर्लाही १ मा पुरानै उम्मेदवारबिच भिडन्त

सर्लाही १ मा ठुला दलका तर्फबाट पुरानै नेतालाई अघि सारिएको छ। यस क्षेत्रमा १९ वटा दलसहित २९ जनाको उम्मेदवारी परेको छ। लोकतान्त्रिक समाजवादी पार्टीले गत निर्वाचनमा विजयी रामप्रकाश चौधरीलाई यसपटक पनि उम्मेदवार बनाएको छ। चौधरी गत निर्वाचनमा कांग्रेस, एकीकृत समाजवादी र माओवादीको संयुक्त गठबन्धन उम्मेदवारका रूपमा निर्वाचित भएका थिए। यसपटक उनले जनता समाजवादी पार्टीबाट उम्मेदवारी दिएका छन्। एमालेबाट ०७४ को स्थानीय तह निर्वाचनमा ईश्वरपुर नगरपालिकाको मेयरमा निर्वाचित मनोजकुमार देवकोटा उम्मेदवार बनेका छन्। नेपाली कम्युनिस्ट पार्टीले अघिल्लो निर्वाचनमा जसपाबाट उम्मेदवार बनेका प्रमोद साहलाई अघि सारेको छ। कांग्रेसले शम्भुलाल श्रेष्ठ र राष्ट्रिय स्वतन्त्र पार्टीले नीतिमा भण्डारी (कार्की) लाई मैदानमा उतारेका छन्।

सर्लाही २ मा पुराना उम्मेदवारलाई नयाँको चुनौती

सर्लाही २ मा यसअघिका नियमित प्रतिस्पर्धीसँगै केही नयाँ उम्मेदवारसमेत मैदानमा उत्रिएका छन्। अघिल्लो निर्वाचनमा तत्कालीन माओवादीको चुनाव चिह्न लिएर उठेका महेन्द्र राय यादव निर्वाचित भएका थिए। उनले २३ हजार ५२९ मत प्राप्त गरेका थिए। उनका निकटतम प्रतिद्वन्द्वी लोकतान्त्रिक समाजवादी पार्टीका उम्मेदवार राजेन्द्र महतो २१ हजार ५१८ मतसहित दोस्रो स्थानमा थिए। यादव र महतो दुवै अहिले पनि उम्मेदवार छन्।

सर्लाही २ मा यसपटक दलका १४ सहित ३१ जनाले उम्मेदवारी दिएका छन्। यस क्षेत्रबाट कांग्रेसले डा. सरोज कुमार, नेपाली कम्युनिस्टले महेन्द्र राय यादव, नेकपा एमालेले नागेश्वर साह, राष्ट्रिय स्वतन्त्र पार्टीले रविन महतो, राष्ट्रिय मुक्ति पार्टी नेपालले राजेन्द्र महतो, गतिशील लोकतान्त्रिक पार्टीले उमेशकुमार सिंह, नेपालका लागि नेपाली पार्टीले कृष्ण यादव, आमजनता पार्टीले चन्द्रभूषण साह, युनाइटेड नेपाल डिमोक्र्याटिक पार्टीले चन्देश्वर साहलाई चुनावी मैदानमा उतारेको छ। जनता समाजवादी पार्टीबाट भरत चौधरी, नेपाल संघीय समाजवादी पार्टीबाट रवि अहमद, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट राजकिशोर राय यादव, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट रामनरेश राय, जनमत पार्टीबाट विपिन कापरले उम्मेदवारी दिएका छन्।

गत प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक मततर्फ सबैभन्दा धेरै कांग्रेसले १४ हजार ९९३ मत पाएको थियो। १२ हजार ३३७ मतसहित जनमत दोस्रो, ११ हजार ४३ मतसहित लोसपा तेस्रो, १० हजार ८५९ मतसहित तत्कालीन माओवादी चौथो, सात हजार ५३३ मतसहित जसपा पाँचौं र पाँच हजार ९३४ मतसहित एमाले छैटौं स्थानमा थिए।

सर्लाही ३ मा चारपक्षीय भिडन्त

सर्लाही ३ मा केही पुराना र केही नयाँ अनुहार देखिएका छन्। ठुला दलले पुरानै नेतालाई चुनावी प्रतिस्पर्धामा उतारेका छन्। यस क्षेत्रमा ०७९ को निर्वाचनमा विजयी उम्मेदवार हरिप्रसाद उप्रेती यसपटक पनि एमालेबाट उम्मेदवार बनेका छन्।

कांग्रेसले विनोद खनाललाई, नेपाली कम्युनिस्ट पार्टीले पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई उम्मेदवार बनाएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीबाट नागेन्द्र साह कलवार उम्मेदवार बनेका छन्। एमाले नेता उप्रेती विजयी यात्रालाई दोहोऱ्याउने दाउमा छन्।

यस क्षेत्रमा जनता समाजवादी पार्टीले जयप्रकाश यादव, राष्ट्रिय प्रजातन्त्र पार्टीले ढोलराम बारकोटी, नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले पवनकुमार महतो, राष्ट्रिय मुक्ति पार्टी नेपालले महेशराज दहाल, नेपाल मजदुर किसान पार्टीले रमा कोइराला, प्रजातान्त्रिक पार्टी नेपालले रामबहादुर महतो कोइरी, मंगोल नेसनल अर्गनाइजेसनले वीरबहादुर रुम्बा, बहुजन एकता पार्टी नेपालले शिवदयाल महरालाई चुनावी मैदानमा उतारेको छ। प्रगतिशील लोकतान्त्रिक पार्टीबाट सविउल शेष, जनमत पार्टीबाट सुनीलप्रसाद गुप्ता र उज्यालो नेपाल पार्टीबाट त्रिभुवनकुमार सिंह चुनावी मैदानमा होमिएका छन्।

गगन र अमरेशको भिडन्तले सर्लाही ४ चर्चामा

सर्लाही ४ यसपटक चर्चाको केन्द्रमा छ। भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरिएका कांग्रेस सभापति गगन थापाको उम्मेदवारीले यहाँको चुनावी माहोल भिन्न बनेको हो। यस क्षेत्रलाई देशकै हेभीवेट उम्मेदवारबिचको प्रतिस्पर्धाका रूपमा हेरिएको छ। कांग्रेस गढका रूपमा रहेको यस क्षेत्रमा गुमेको बिरासत फिर्ता गर्ने लक्ष्यसहित सभापति थापा चुनावी मैदानमा छन्।

पहिलो संविधानसभा निर्वाचनमा शिवपूजन राय यादव निर्वाचित यस क्षेत्रमा तीन कार्यकालदेखि अमरेशकुमार सिंह सांसद बनेका छन्। ०६४ र ०७० मा कांग्रेसबाट निर्वाचित भएका सिंह ०७९ मा भने स्वतन्त्र उम्मेदवारी दिएर विजयी भए। यसपटक उनी रास्वपा प्रवेश गरेर उम्मेदवार बनेका छन्। पार्टीको संगठनबाहेक यस क्षेत्रमा सिंहको व्यक्तिगत वर्चस्व पनि छ। यस क्षेत्रमा प्रभावशाली नेताको छवि बनाएका संविधानसभा सदस्य शिवपूजन रायले आफ्नो छोरा अमनिशकुमार यादवलाई एमालेबाट उम्मेदवार बनाएका छन्। नेपाली कम्युनिस्ट पार्टीले रजनिश रायलाई टिकट दिएपछि शिवपूजनले पार्टी परित्याग गरी छोरालाई एमालेको टिकट दिलाएका हुन्। शिवपूजन रायकी छोरी मधुमालाकुमारी यादवको स्वतन्त्र उम्मेदवारीसमेत छ। यस क्षेत्रबाट प्रभावशाली भनिएका अधिकांश पार्टीले उम्मेदवार मैदानमा उतार्दा यहाँको चुनावी माहोल निकै रोमाञ्चक बनेको हो। राष्ट्रिय मुक्ति पार्टी नेपालबाट उदयकान्त मिश्र, उज्यालो नेपाल पार्टीबाट पीताम्बरसिंह कुसवाह, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्रदीपकुमार झा, जनमत पार्टीबाट राकेशकुमार मिश्र, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट रामचरित्र सहनी, आमजनता पार्टीबाट रिंकीकुमारी साहलगायत छन्।

घर सफा गरेर देश सफा गर्न आएका छौं

● **डा. सरोज कुमार**, कार्यवाहक सभापति, कांग्रेस सर्लाही



जिल्लाका चारवटै क्षेत्रमा पालिका र वडा तहसम्मै संगठन छ। तराई अन्नको भण्डार हो। तर, यहाँ पछिल्लो समय पानीको स्रोत तीव्र गतिमा सुक्दै गएको छ। सुनकोशी-मरिन डाइभर्सन र बागमती सिँचाइ आयोजनाको क्षेत्र विस्तारलाई मुख्य चुनावी एजेन्डा बनाएका छौं। शिक्षाको अवस्था नाजुक छ। राष्ट्रिय गौरवको आयोजना भनिएको हुलाकी सडकको हालत बिग्रिएको छ। किसानले उत्पादन गरेको खाद्यान्नले उपयुक्त मूल्य नपाउनु अर्को विडम्बना छ। यस्ता एजेन्डा लिएर जनतामाझ गएका छौं।

पार्टीविरुद्ध फैलाइएको भ्रम चिर्दै चुनावी गतिविधि गरिरहेका छौं

● **राजनारायण साह**, अध्यक्ष, एमाले सर्लाही



सबै खालको तयारीमा जुटेका छौं। पार्टीले पहिला सरकारमा हुँदा देश र जनताका लागि गरेको काम आमनागरिकसमक्ष लिएर गएका छौं। पार्टी अध्यक्ष केपी ओली नेतृत्व सरकारले गरेका कामको विषयमा फैलाइएको भ्रम चिर्ने काम गरिरहेका छौं। यसपटक हामीलाई दोहोरो जिम्मेवारी छ। एकातर्फ आफ्नो एजेन्डा जनतामाझ लैजानु छ। अर्कोतर्फ विपक्षीले भ्रम फैलाउँदै नागरिकलाई अलमलमा पारिरहेका छन्। त्यो कुरा स्पष्ट पार्नु छ। दुवै काम गरिरहेका छौं।

पार्टीको मुख्य एजेन्डा भनेकै सुशासन हो

● **अच्युतम काफ्ले**, इन्चार्ज, नेकपा सर्लाही



मतदाताको घरदैलोमा पुगेर समस्याको पहिचान गर्ने काम गरिरहेका छौं। यहाँका नागरिकको पुरानो समस्या मिटरब्याज र त्यसका पीडितलाई न्याय दिनेदेखि भ्रष्टाचार नियन्त्रण र कानुनी कारबाहीलाई प्रमुख एजेन्डा बनाएका छौं। पार्टीले सरकारमा हुँदा उठाएका केही मुद्दा अझै अधुरै छन्। देशलाई भ्रष्टाचारमुक्त बनाउने, नागरिकको आधारभूत आवश्यकता पूरा गर्ने कार्यमा लागिपरेका छौं। रोजगारी, कृषि, सिँचाइ, स्वास्थ्य, शिक्षालाई बटमलाइन बनाएर चुनावमा होमिएका छौं।

पहिलाको व्यवस्थाबाट आजित नागरिक मत बदल्ने सोचमा छन्

● **सरोज बानियाँ**, सभापति, सर्लाही रास्वपा



जिल्लाका चारवटै क्षेत्रका क्षेत्रीय सभापतिलाई निर्वाचन कमान्डर तोकेका छौं। यसअघिको व्यवस्था, भ्रष्टाचार, बेथिति, कुशासनबाट उन्मुक्ति चाहने र नयाँ शक्तिको उदय चाहने जनताको जुन अपेक्षा छ, त्यसले गर्दा नागरिकमा हामी रुचाइएका छौं। यहाँका किसानको दीर्घकालीन समस्या समाधानका कुरा, शिक्षा, स्वास्थ्य, खानेपानीलगायत आधारभूत आवश्यकताका कुरासमेत समेटेर घोषणापत्र तयार गरेका छौं। हाम्रो मुख्य एजेन्डा पनि यही हो।

भ्रष्टाचार नियन्त्रण भनै पेचिलो बनेकामा अख्तियारको चिन्ता

■ प्रमुख आयुक्त राईले भने-



विगतमा फ्रन्टलाइनबाट सेवा प्रवाह गर्ने सरकारी कार्यालयमा साना खालका काममा सहजीकरणका लागि बिचौलियाले काम गर्ने गरेकामा विगत पाँच-दश वर्षदेखि बजेट निर्माण, योजना निर्माण, महत्त्वपूर्ण निकायको नियुक्ति, सरुवा, बढुवा, मन्त्रीहरू नियुक्ति, सरकार परिवर्तनसम्मका कार्यका लागि शक्तिशाली बिचौलियाको प्रभाव बढ्दै गएको आमबुझाइ छ।

नयाँ पत्रिका

भ्रष्टाचार नियन्त्रणको संवैधानिक दायित्व बोकेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुलुकमा भ्रष्टाचार नियन्त्रण भनै पेचिलो बन्दै गएको भन्दै चिन्ता व्यक्त गरेको छ। भ्रष्टाचारको दायराको विस्तार र चुनौतीको बढोत्तरीका बिच कमजोर प्रयासले नियन्त्रण कठिन हुन थालेकोमा अख्तियारको चिन्ता छ।

भ्रष्टाचारको अन्तर्राष्ट्रिय सूचकांकमा गत वर्ष पनि नेपालको सुधार नदेखिएको प्रतिवेदन ट्रान्सपरेन्सी इन्टरनेसनलले दिएको भोलिपल्ट अख्तियारले भ्रष्टाचार नियन्त्रण चुनौतीपूर्ण भएको भन्दै सार्वजनिक रूपमा बताएको हो। अख्तियारको ३५औं स्थापना दिवसका अवसरमा प्रहरी प्रधान कार्यालय, नक्सालमा आयोजित समारोहमा प्रमुख आयुक्त प्रेमकुमार राईले विगत केही वर्षदेखि मन्त्रीहरू नियुक्तिदेखि सरकार परिवर्तनसम्मका कार्यमा शक्तिशाली बिचौलियाको प्रभाव बढ्दै गएको आमबुझाइ रहेको बताए। बिचौलियाले सरकार र सरकारका सबै निकायलाई आफ्नो नियन्त्रणमा लिई तिनकै इसारामा चलाउन थालेका कारण राज्यमा सुशासन कायम हुन नसकेको भन्ने गुनासो आउन थालेको उनको भनाइ छ। 'राज्य सञ्चालकहरूले सबै क्षेत्रमा बिचौलिया निषेध गर्न नसकेकामा सुशासन नारामा मात्र सीमित हुने देखिन्छ,' उनले भने।

एक वर्षमा अख्तियारमा ३७ हजार उजुरी, ५४ प्रतिशत स्थानीय तहका

एक वर्षमा अख्तियारमा ३७ हजार उजुरीको दर्ता कायम भएका छन्। नयाँ परेका र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएकासमेत गत आर्थिक वर्ष ०८१/८२ मा अख्तियारमा ३७ हजार २६ वटा उजुरीको दर्ता कायम भएको वार्षिक प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार गत आवमा अख्तियारमा २८ हजार ५५४ उजुरी परेका थिए भने आठ हजार ४७२ उजुरी आव ०८०/८१ बाट जिम्मेवारी सरेर दर्ता कायम भएका थिए।

अख्तियारका उजुरीमध्ये धेरै स्थानीय तहका देखिएका छन्। दर्ता भएका उजुरीमध्ये १९ हजार ९३३ स्थानीय तहसँग सम्बन्धित छन्। यो कुल उजुरीको अनुपातमा ५३.८४ प्रतिशत हो। त्यस्तै, संघीय निकाय वा पदाधिकारीसम्बद्ध उजुरी १२ हजार ४७५ अर्थात् ३३.६९ प्रतिशत छ भने प्रदेशको चार हजार ६१८ अर्थात् १२.४७ प्रतिशत छ। सबैभन्दा बढी संघमा उजुरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत एक हजार २९९, प्रदेशमा मधेशअन्तर्गत एक हजार २०४ र स्थानीय तहमा पोखरा महानगरपालिकामा ४१३ उजुरी परेका छन्।

प्रधानमन्त्री सुशीला कार्कीले अख्तियारले गर्ने अनुसन्धान र कारबाहीका कारण प्रत्येक कर्मचारी तथा राष्ट्रसेवक पदाधिकारीमा डर पैदा भएको बताइन्। भ्रष्टाचार नियन्त्रणका लागि पर्याप्त संरचना, कानुनी र नीतिगत व्यवस्था भए पनि अपेक्षाकृत नियन्त्रण हुन नसकेको उनले औंल्याइन्।

राष्ट्रपति रामचन्द्र पौडेलले सुशासन र पारदर्शिताविना लोकतन्त्रको प्रतिफल जनताको घरदैलोमा पुऱ्याउन नसकिने बताए। जनताको अपेक्षाअनुसारको विकास र समृद्धि हासिल गर्ने प्रमुख र अनिवार्य सर्त नै अख्तियार दुरुपयोगको अन्त्य र भ्रष्टाचार नियन्त्रण भएको उनको भनाइ थियो। सबै प्रकारका भ्रष्टाचारलाई छानबिनको दायरामा ल्याउनुपर्नेसमेत उनले औंल्याए।

एसवाई प्यानल नेपाल लिमिटेड
SY Panel Nepal Limited

रजिष्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालीका, वडा नं. ३२, तिनकुने, काठमाण्डौ
उद्योग कार्यालय : रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन, फोन नं.: ०१-४१११७०४
इमेल : synepal34@gmail.com, वेभसाइट : www.synepal.com

UNAUDITED STATEMENT OF FINANCIAL POSITION
as on Poush End, 2082 (January 14, 2026)

Amount in NPR

Particulars	As on Poush End, 2082	As on Poush End, 2081
Assets		
Non - Current Assets		
Property, Plant and Equipment	572,370,542	589,028,997
Intangible Assets	106,000	158,000
Financial Assets		
Investments - Non Current	42,500,000	42,500,000
Deferred Tax Asset	-	-
ROU Asset	692,565	1,813,054
Other Non Current Assets	3,115,818	3,114,818
	618,784,925	**636,614,869**
Current Assets		
Inventories	148,098,714	168,073,556
Prepayments	16,715,204	4,182,094
Other Current Assets	810,354	806,038
Financial Assets		
Loans and Advances	28,918,809	9,929,550
Trade Receivables	211,577,058	235,072,080
Other Financial Asset	182,500	617,350
Cash and Cash Equivalents	686,682,486	97,450,214
	1,092,985,124	**516,130,882**
Total Assets	**1,711,770,049**	**1,152,745,751**
Equity		
Share Capital		
Ordinary Share Capital	1,308,137,100	784,882,300
Reserve and Surplus	126,134,358	79,170,616
Total equity	**1,434,271,458**	**864,052,916**
Liabilities		
Non Current Liabilities		
Deferred tax liability	31,045,464	32,109,129
Financial Liabilities		
Non Current Borrowings	-	-
Trade Payable	180,942,943	172,484,508
Other Non Current Financial Liabilities	1,434,371	2,184,371
Lease Liability	1,014,052	2,379,540
Provisions - Non Current	1,387,377	2,135,200
	215,824,207	**211,292,748**
Current Liabilities		
Provisions - Current	600,617	13,283,077
Financial Liabilities		
Current Borrowings	-	-
Trade Payables	43,108,367	45,918,136
Other Financial Liabilities	4,213,858	569,191
Other Current Liabilities	13,751,542	17,629,683
	61,674,384	**77,400,087**
Total liabilities	**277,498,591**	**288,692,835**
Total Equity and Liabilities	**1,711,770,049**	**1,152,745,751**

UNAUDITED STATEMENT OF PROFIT OR LOSS
for the period ended on Poush End, 2082 (January 14, 2026)

Amount in NPR

Particulars	YTD upto Poush End, 2082	YTD upto Poush End, 2081
Revenue from Operations	311,786,461	338,656,902
Cost of Sales	(201,550,090)	(218,695,089)
Gross Profit	**110,236,371**	**119,961,812**
Other Income	679,578	79,116
Employee Benefit Expenses	(22,844,743)	(19,370,632)
Administrative Expenses	(45,859,411)	(26,873,596)
Selling and Distribution Expenses	(24,394,600)	(22,831,595)
Depreciation and Amortization Expense	(11,578,332)	(10,376,388)
Operating Profit	**6,238,862**	**40,588,718**
Finance costs	(86,767)	(164,315)
Finance Income	454,699	330,470
Profit Before Bonus & Tax	**6,606,795**	**40,754,872**
Staff Bonus	(600,618)	(3,704,988)
Profit Before Tax	**6,006,177**	**37,049,884**
Income tax expense		
Provision for income tax	-	(3,191,503)
Previous years tax	(505,396)	-
Deferred tax income/(expense)	2,370,488	(6,576,754)
Profit for the period	**7,871,269**	**27,281,627**

Notes:
a. Figures are regrouped wherever necessary.
b. Above presented figures may vary with audited figures if amended required by external auditors or regulators
c. Calculation of Earning per share has been done according NAS 33 Earnings per share.

Anexnure 14 : As per rule 26(1) of Securities Registration and Issurance Regulations, 2073 (2016)

1. **Financial Statements**
   a. **Year to Date upto Second Quarter 2082/83 Statement of Financial Position and Profit or Loss**
   Attached are the Statement of Financial Position as of Poush 30, 2082, along with the comparative figures for the previous period and the Statement of Profit or Loss for the period then ended.
   b. **Material Related Party Transactions**
   The company has made a purchase of NPR 540,625.43 from S.Y. Enterprises Pvt. Ltd.
   c. **Key Financial Ratios**
   Earnings per Share (EPS)(NPR) : 0.82 (upto 2nd Quarter 2082/83)
   Earnings per Share (EPS)(NPR) : 1.65 (Annualized)
   Closing Price per share (NPR) : 1,385
   Current Ratio : 17.72 times
   Price Earning Ratio (P/E): 839.40 times (Calculated on Annualized EPS)
   Return on Equity (ROE) : 0.60% (Net Profit for the period/ Total Share Capital)
   Return on Equity (ROE) : 0.46% (Net Profit for the period/ Total Assets)
2. **Management Analysis**
   a. Due to material public issuance expenses and material foreign exchange loss due to recent significant changes in forex rates, the company has managed to make a profit of NPR 7,871,269 (Seven Million Eight Hundred Seventy One Thousand Two Hundred Sixty Nine Rupees). However, management believes that this strategic expansion of the capital structure provides the necessary financial leverage to fund upcoming projects and scale operations, which is expected to drive long-term value and enhance future earnings per share.
   b. The Company is aggressively pursuing a dual-track growth strategy through its recent capital investment in the uPVC profile manufacturing industry. This initiative serves as a critical vertical integration play, securing a proprietary supply chain for our prefabricated housing construction materials and shielding our margins from external price volatility. Beyond internal consumption, uPVC profile will be marketed and compete uPVC product markets that is heavily relied on import products. Out of total issue proceeds, share capital investment of NPR 390,000,000 (Three Hundred Ninety Million Rupees) are yet to be invested in our subsidiary company S.Y. U.P.V.C Profile Pvt. Ltd.
   c. The management firmly believes in achieving its yearly projected sales and profitability targets.
3. **Legal Proceedings**
   a. **Customs Duty Classification Dispute (FY 2073/074)**
   The Company is currently contesting a claim by the Customs Inspection Office, Kathmandu, regarding the classification of imported goods under subheading 72.10. While the goods were originally cleared on 2075/08/14 B.S. under a 10% duty exemption per the Finance Act 2073, the Customs Office retroactively claimed after three years that the exemption was inapplicable, demanding a 100% penalty on the customs value. In response, the Company filed a writ petition for Certiorari and Mandamus before the Supreme Court, which remains sub judice; should the final verdict uphold the office's claim, the Company's remaining liability after accounting for deposits would amount to NPR 3,776,374.
   b. **Excise Duty Applicability Dispute (FY 2074/075)**
   Following a delayed ruling by the Department of Revenue on 2079/11/16 B.S. determining that excise duty applied to the Company's products, the Inland Revenue Office (IRO), Baneshwor, issued a demand for excise duty, VAT, and a 100% penalty for FY 2074/075. The Company, having not collected these duties from customers due to previous regulatory ambiguity, challenged this via a writ petition in the Supreme Court and successfully obtained an interim order staying the implementation of the IRO's demand. The case is currently under consideration, with a potential contingent liability of NPR 1,811,745 in the event of an unfavorable final ruling.
   c. **Excise Duty and Licensing Dispute (FY 2075/076)**
   A secondary tax dispute has arisen for FY 2075/076, where the IRO Baneshwor issued a demand for excise duty, VAT, and associated penalties despite the underlying matter of excise applicability remaining legally unsettled. The Company has filed two separate writ petitions before the Supreme Court one challenging the core decision and another seeking an interim order against a subsequent 7-day payment notice and has secured a short-term interim order in its favor. Both matters are currently sub judice, representing a significant potential liability of NPR 38,584,162 if the court eventually rules against the Company.
   d. **Recovery Suit against Asian Housing & Construction Pvt. Ltd.**
   The Company initiated legal proceedings on 2079/09/22 B.S. following the dishonor of a cheque for NPR 2,400,000 issued for construction materials. While a partial settlement of NPR 600,000 was successfully recovered, and the Court issued a judgment in favor of the Company on 2080/07/22 B.S. for the balance, the defendant filed an appeal on 2081/09/03 B.S. regarding the remaining NPR 1,800,000. This matter is currently under the jurisdiction of the High Court, where the Company is actively pursuing the recovery of the outstanding principal.
   e. **Recovery Suit against Jessica & Abhiyan Construction Pvt. Ltd.**
   Following the failure to encash a cheque for outstanding dues, the Company filed a cheque dishonor case before the Kathmandu District Court on 2081/02/29 B.S. for a claim amount of NPR 3,870,590.09. On 2081/10/30 B.S., the Court rendered a final judgment in favor of the Company's claim. The case has now transitioned into the execution stage, where the Company is following the formal legal process to realize the court-ordered payment from the defendant.
4. **Share Transaction Analysis of the company in 2nd Quarter 2082/83**
   a. **Mangement's view on the performance of the stocks of the corporate body**
   Price and Transaction of the company's shares are being determined by the open share market operations through a Nepal Stock Exchange. The management's view on this is neutral.
   b. **SY Panel Nepal Limited's key metrics obtained from Nepal Stock Exchange's Website for the period from Kartik 1, 2082 to Poush 30,2082 (October 18, 2025 -January 14, 2026)**

First Share Traded on : 2082-08-24 (2025-12-10)	Maximum Price (NPR) : 1,502
Minimum Price (NPR) : 319.80	Closing Price (NPR) : 1,385
Total Transactions : 159,050 trades	Days of Trading : 23

5. **Problems and Challenges**
   a. Sales performance upto the second quarter of 2082/83 was primarily impacted by the extended Dashain and Tihar festival holidays and the cultural observance of "Shukra Asta" which led to a temporary slowdown in new construction projects.
   b. Profitability for the period was materially influenced by significant foreign exchange volatility, localized disruptions-Gen Z-led anti corruption protest, and the one-time booking of expenses related to our public issue. Given the current increase in construction activity, sales values may see a significant spike.
6. **Corporate Governance**
   As a newly listed entity with a global footprint, SY Panel Nepal limited stands at the intersection of international investment and local excellence. We believe that the highest standards of corporate behavior are the bedrock of shareholder trust. By seamlessly integrating ISO 9001:2015 quality benchmarks with data-driven oversight, our management has cultivated a better governance framework. This quarter, we reaffirm our commitment to responsible management and ethical growth, ensuring that our transition to the public market serves as a benchmark for integrity and value creation.
7. **Declaration By Managing Director**
   I take full responsibilty of the facts, data and information which have been mentioned in the report till today and submitted with the report. I declare that as per my knowledge all the details and informations of this report are factual,and dull and we did not hide any details, notice, information which are required by the investors to take their decision.